# स्थानीय राजपत्र

## इन्द्रसरोवर गाउँपालिकाद्धारा प्रकाशित

| खण्ड ६ | संख्या १ | मिति २०७९ कार्तिक ९ |
|---|---|---|


## नदीजन्य पदार्थ (ढुङ्गा, बालुवा,माटो) जस्ता खानीजन्य बस्तुको व्यवस्थापन कार्यविधि, २०७९

कार्यपालिका स्वीकृत मितिः२०७९/०७/०४ गते

**प्रस्तावनाः**

इन्द्रसरोवर गाउँपालिका क्षेत्र भित्रको नदीजन्य तथा खानीजन्य पदार्थको दिगो संरक्षण र व्यवस्थापन तथा सदुपयोग गरी सहज आपूर्ती गर्न र नदी प्रणालीबाट उत्खनन, संकलन तथा बिक्रि वितरण हुने पदार्थको अव्यवस्थित र अत्याधिक दोहन हुन नदिन, दिगो व्यवस्थापनको प्रवन्ध मिलाई सार्वजनिक निर्माण कार्यलाई सहज बनाउन बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि इन्द्रसरोवर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले यो कार्यविधि वनाइ जारी गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "नदीजन्य पदार्थ (ढुङ्गा, बालुवा,माटो) जस्ता खानीजन्य बस्तुको व्यवस्थापन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "अनुगमन समिति" दफा १५ बमोजिमको समिति सम्झनु पर्दछ ।

(ख) "अन्य पदार्थ" भन्नाले नदी र नदी बाहेकका कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा उत्खनन गर्दा निस्कने माटो, ढुङ्गा वा यस्तै प्रकृतिका श्रोत सम्झनु पर्दछ ।

ग) "उद्योग" भन्नाले कच्चा पदार्थको रुपमा नदीजन्य पदार्थको प्रयोग हुने मेशिनरी औजार उद्योगलाई सम्झनु पर्दछ र सो शब्दले क्रसर उद्योग, फिरफिरे, रिफाइनरी गर्ने उद्योग बालुवा घुने उद्योग(वासिङ) र यस्तै प्रकृतिका अन्य उद्योग समेतलाई जनाउनेछ ।

(घ) "कार्यविधि" भन्नाले इन्द्रसरोवर गाउँपालिकाको "नदीजन्य पदार्थ (ढुङ्गा, बालुवा, माटो) जस्ता खानीजन्य बस्तुको व्यवस्थापन कार्यविधि, २०७९" सम्झनु पर्छ ।

(ङ) "कार्यालय" इन्द्रसरोवर गाउँपालिकाको कार्यालय र मातहतका वडा कार्यालय सम्झनु पर्दछ ।

(च) "खानीजन्य पदार्थ" भन्नाले खानीबाट उत्खनन गरिएको चट्टान, स्लेट, ढुङ्गा, गिट्टि, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थलाई सम्झनु पर्दछ ।

(छ) "घाटगद्दी" भन्नाले नदीजन्य पदार्थ वा दहत्तर बहत्तर सङ्कलन वा उत्खनन वा प्रशोधन गरी नापजाँच गर्न वा अस्थायी भण्डारणका लागि तोकिएको स्थानलाई सम्झनु पर्दछ ।

(ज) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ बमोजिमको प्रारम्भिक वातावरणीय परीक्षण भन्ने सम्झनुपर्दछ ।

(झ) "नदीजन्य पदार्थ" भन्नाले नदी वा नदी किनारबाट उत्खनन गरिएको ढुङ्गा, गिट्टि, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थलाई सम्झनु पर्दछ ।

(ञ) "परिमाण" भन्नाले घाटगद्धीमा रहेका नदिजन्य पदार्थको परिमाण सम्झनु पर्दछ ।

(ट) "वातावरणीय प्रभाव मूल्याङकन" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ बमोजिमको वातावरणीय प्रभाव मूल्याङकन भन्ने सम्झनु पर्दछ ।

(ठ) "व्यवसायी" भन्नाले यस कार्यविधि बमोजिम नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, घाटगद्धी तथा बिक्री गर्न इजाजत प्राप्त गरेको व्यवसायी सम्झनु पर्दछ ।

(ड) "संक्षिप्त वातावरण अध्ययन" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ बमोजिमको संक्षिप्त वातावरण अध्ययन सम्झनु पर्दछ ।

(ढ) "शुल्क" भन्नाले प्रचलित कानून बमोजिम नदीजन्य पदार्थ विक्रीबाट प्राप्त रकमलाई जनाउने छ । यो शब्दले निजी जग्गाबाट व्यावसायीक प्रयोजनका लागि सङ्कलन तथा विक्री भएको नदीजन्य पदार्थ वापत प्राप्त हुने सेवा शुल्क समेत सम्झनु पर्दछ ।

(ण) "आधा अवधि" भन्नाले पहिलो बोलपत्र अवधिको आधा अवधि सम्झनु पर्दछ ।

## परिच्छेद २

## नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था

**३. अनुमति लिनु पर्नेः** (१) नदीजन्य पदार्थमा आधारित उद्योग वा यस्तै प्रकृतिका अन्य उद्योग स्थापना, सूचिकृत र सञ्चालन गर्न चाहाने व्यक्ति वा संस्थाले अनुसूची १ बमोजिमको ढाँचामा कार्यालयमा अनुमतिका लागि दरखास्त दिनु पर्नेछ । दरखास्त दिई अनुमती प्राप्त उद्योग दर्ता, सूचीकरण, नवीकरण, नामसारी र ठाउँसारीको शुल्क गाउँपालिकाको आर्थिक ऐन बमोजिमको लाग्नेछ साथै उत्खनन एवम निकासीबाट हुन आउने शुल्क संघ तथा प्रदेशको कानून बमोजिम हुनेछ। दर्ता हुन आउने उद्योगले वातावरणीय अध्ययन प्रतिवेदन अनिवार्य संलग्न गरेको हुनु पर्नेछ ।

(क) उद्योग स्थापना गर्दा सार्वजनिक, ऐलानी, पर्ति जग्गामा उद्योग स्थापना गर्न पाइने छैन । उद्योग स्थापना गर्न माग गर्दा आफ्नो निजि जमीन वा निजि जमीन प्रयोग गर्न प्राप्त संझौता पत्र र जग्गा धनि पूर्जा संकल्न गर्नु पर्नेछ ।

(ख) उद्योग स्थापना गर्ने स्थलको भौगोलिक अवस्थिति समेत निर्दीष्ट गरेको हुनु पर्नेछ ।

(२) निजि जग्गाको उत्खननको हकमा देहाय बमोजिमको प्रक्रिया पुरा गर्नु पर्नेछ ।

**निजी जग्गा सम्याउने सम्बन्धी व्यवस्थाः-**

१. निजी जग्गा व्यवस्थापन प्लटिङ्ग बाहेक(खन्न, सम्याउन) स्वीकृती पाउँ भनी कुनै व्यक्तिले गाउँपालिकामा निवेदन दिंदा निम्न प्रक्रिया पुरा गर्नु पर्नेछ |

(क) जग्गाको हक भोग भएको जग्गा धनी प्रमाण पुर्जा |

(ख) चालु आ.व को तिरो तिरेको रसिद र नापी नक्सा |

(ग) संयुक्त जग्गा भए हकवालाको मन्जुरीनामा |

(घ) मोही जग्गाधनी भए दुबैको सहमति रहेको व्यहोरा खुलेको निवेदन/सम्झौता

(ङ) संधियारको मन्जुरी |

(च) खन्न, सम्याउन, परेमा व्यहोरा खुलेको निवेदन |

(छ) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र |

(ज) यदि स्वीकृत खानी क्षेत्रको जग्गाको हकमा खानीवालाको स्वीकृती ।

२. गाउँपालिकामा निवेदन दर्ता भएपछि कार्यालयले पुरा गर्नु पर्ने प्रक्रिया

(क) निवेदन संग संग्लन कागजातको प्रमाणीकरण ।

(ख) जग्गा सम्याउन, खन्न पर्ने कारणको प्राविधिकबाट प्रतिवेदन

(ग) माटो, बालुवा, ढुङ्गाको परिमाण

(घ) समयावधी

(ङ) व्यवस्थापनको तरिका

(च) काट्न मिल्ने जग्गाको क्षेत्रफल

३. गाउँपालिकाले सूचनामा माग भएका कित्ता जग्गा र सम्बन्धित जग्गाधनीको विवरण उल्लेख गरी सवै वडा बासीले जानकारी पाउने गरी ७ दिने सार्वजनिक सूचना जारी गर्नु पर्ने।

४. प्रकाशित सूचना बमोजिम गाउँपालिकाले सम्बन्धित वडा कार्यालय मार्फत साँध सधियार राखि कोहि कसैलाई असर पर्छ पर्दैन सो समेत खुलाई सर्जमीन गर्नु पर्नेछ ।

५. सम्बन्धित वडा कार्यालयको सिफारिस संलग्न गरी गाउँपालिकाबाट खानी, वाशिङ्ग तथा जग्गा व्यवस्थापन गर्न फर्म, कम्पनी, व्यक्तिवाट नवीकरणका लागि निवेदन पेश भएमा तोकिएको दस्तुर लिई नवीकरण गरिनेछ ।

(३) गाउँपालिकाले स्वीकृति दिँदा पालना गर्नु पर्ने शर्त तथा प्रक्रिया

(१) जग्गा व्यवस्थापनका लागि माग भएको स्थानमा सार्वजनिक जग्गा, सामुदायिक भवन तथा जग्गावाट ५० मि. धार्मिक स्थल, सामुदायिक विद्यालयवाट २ कि.मि. लगायत सार्वजनिक महत्वका स्थल भएमा सो स्थानवाट कम्तिमा २ कि.मि. अन्तर छ भने स्वीकृतिको प्रक्रियामा लैजाने तथा अन्यका हकमा संघीय तथा प्रदेश कानून बमोजिम हुनेछ ।

(२) व्यवस्थापन गर्ने जग्गाको वरपर रहेको जग्गाको सतह भन्दा अग्लो, भिरालो जग्गा हो/हैन एकीन गर्नेछ र सोहि आधारमा वरपरको अन्य जग्गा भन्दा धेरै गहिरो हुने गरी खन्न स्वीकृती दिइने छैन ।

(३) निजी जग्गा सम्याउन सम्झौता भएको मितिले ५ रोपनी सम्ममा बढीमा ४ महिना समय दिईनेछ थप उक्त क्षेत्रफल भन्दा बढि जग्गाको निवेदन परेमा स्वीकृती पाएको मितिले प्राविधिक प्रतिवेदनका आधारमा एक आर्थिक वर्षको समय दिन सकिनेछ ।

(४) एकचोटी सहमति लिएर सम्झौता गरे पश्चात पुनः सोहि कित्ता सम्बन्धित व्यक्तिलाई पुनः जग्गा सम्याउने अनुमति दिइने छैन | तर प्राविधिक वा प्राकृतिक कारणले स्वीकृत प्राप्त समय भित्र काम सम्पन्न नभएको देखिएमा थप समय दिन सकिने छ |

(५) व्यवस्थापन गर्ने जग्गा निजको आफनै घर टहरा निमार्णका लागि हो वा कृषि प्रयोजनको लागि हो वा प्लटीङ्गको लागि हो एकिन गर्नु पर्नेछ |

(६) व्यवस्थापन गर्ने जग्गा २५ रोपनी भन्दा घटी बढी के छ सोको एकिन गर्ने र २५ रोपनी भन्दा बढी जग्गाबाट माल वस्तु निकाल्ने हो भने खानी दर्ता प्रकृयाको लागी निवेदन दिनु पर्ने हकमा सम्बन्धित निकायमा सिफारिस गरिनेछ |

(७) घर बनाउने प्रयोजनको लागि १ रोपनी सम्मको जग्गा सम्याउदा स्वीकृती लिनका लागि धरौटी राख्नु पर्ने छैन तर सो भन्दा बढी वा व्यवसायिक प्रयोजन हो भने दफा ५ बमोजिम तोकिएको समितिको सिफारिस बमोजिम प्रति रोपनी रु. १ लाखका दरले नगद धरौटी वा बैंक ग्यारेन्टी राख्नु पर्नेछ |

(८) निजी जग्गा व्यस्थापनको लागी स्वीकृती दस्तुर एक रोपनीसम्म निजी प्रयोजन वा कृषि प्रयोजनका लागि निःशुल्क र सो स्थानबाट माटो वा बालुवा कटान गरी बाहिर निकासी गर्ने भएमा स्वीकृत भएको मिति देखी सोही आ.व. को लागि माटोको लागि दस्तुर प्रदेश तथा संघीय आर्थिक ऐन बमोजिम हुनेछ।

(९) वातावरण सम्बन्धी कानुनले तोके बमोजिमको कार्य गरेको छ/छैन गाउँपालिकाले यकीन गर्नेछ।

(१०) गाउँपालिकाले तोकेको प्राविधिकबाट अनुगमन गराई प्रतिवेदन लिनेछ |

(११) संधियारको सहमति नभएको अवस्थामा दफा ५ को समितिको सिफारिस बमोजिम हुनेछ |

(१२) व्यवसायिक प्रयोजनको लागि माग भइ आएको स्वीकृत खानी क्षेत्र भित्रको निजी जग्गा व्यवस्थापन गर्न प्राथमिकता दिइनेछ |

## परिच्छेद ३

## उत्खनन, सङ्कलन र घाटगद्दी सम्बन्धी व्यवस्था

**४. कार्ययोजना बनाउनेः** (१) इन्द्रसरोवर गाउँपालिकाले देहायका कुराहरु समावेश गरि

नदीजन्य पदार्थ उत्खनन, सङ्कलन र बिक्री वितरण सम्बन्धी कार्ययोजना बनाउनु पर्नेछ ।

(क) उत्खनन र सङ्कलन गर्न हुने र नहुने क्षेत्र ।

(ख) नदीजन्य पदार्थ उपलब्ध हुने नदी, खोला, खोल्सी, खहरे तथा नदी उकास क्षेत्रको विवरण र उपलब्ध हुनु सक्ने अनुमानित वार्षिक परिमाण ।

(ग) पूर्वाधार निर्माणको लागि चाहिने परिमाण र स्रोतको उपलब्धता ।

(घ) भण्डारण वा घाटगद्दी स्थल ।

(ङ) बिक्री वितरणको प्रक्रिया ।

(च) सङ्कलनको विधी र प्रयोग हुने मेशिनरी औजार ।

(छ) प्राप्त हुने अनुमानित आम्दानी ।

(२) प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका खानी, क्रसर तथा प्रशोधन उद्योगले आफनो उद्योगको वार्षिक क्षमताको अधीनमा रहि सङ्कलन तथा उत्खनन गर्ने कच्चा पदार्थको स्रोत सहितको विवरण खुलाई प्रत्येक वर्षको भाद्र महिना भित्र अनुगमन समिति र इन्द्रसरोवर गाउँपालिका समक्ष पेश गर्नु पर्ने छ । र प्रत्येक आर्थिक वर्षको लागि असार मसान्त भित्र आफनो उत्पादनको वार्षिक मौज्दात तथा खरिद विक्रिको परिमाण सार्वजनिक गरी सोको जानकारी अनुगमन समिति र इन्द्रसरोवर गाउँपालिकालाई दिनु पर्नेछ ।

**५ वातावरणीय अध्ययनः** नदीजन्य पदार्थको उत्खनन, सङ्कलन र विक्री गर्नु अघि प्रचलित कानून बमोजिम संक्षिप्त वातावरणीय प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मुल्याङ्कन गराउनु पर्नेछ ।

**६. नदीजन्य पदार्थको उत्खनन र सङ्कलनः**

(१) राष्ट्रिय वन, राष्ट्रिय निकुञ्ज तथा आरक्ष क्षेत्रभित्रबाट नदीजन्य पदार्थको उत्खनन र सङ्कलन गर्न पाइने छैन । तर तत् सम्बन्धी प्रचलित कानून बमोजिम स्वीकृती लिई उत्खनन गर्न सकिनेछ ।

(२) चुरेक्षेत्रमा पर्ने वन क्षेत्र, सार्वजनिक क्षेत्र र निजी नम्बरी जग्गाको नदीजन्य पदार्थ उत्खनन, सङ्कलन र बिक्री वितरण गर्दा यस कार्यविधिको अधीनमा रहि उत्खनन, संकलन गर्न सकिनेछ ।

(३) इन्द्रसरोवर गाउँपालिका क्षेत्र भित्रका नदी, खोला तथा खहरे लगायतका स्थानहरुबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) थुप्री विपद् जोखिम स्थिति श्रृजना हुने हुँदा संभावित त्यस्ता जोखिमयुक्त स्थानहरुको प्राविधिक समितिबाट अध्ययन गराई प्राप्त प्रतिवेदनका आधारमा स्थानीय विपद् व्यवस्थापन समितिले

जिल्ला विपद् व्यवस्थापन समितिलाई सिफारिस गर्न सकिनेछ ।

**७. सङ्कलन भण्डारण र घाटगद्दीको व्यवस्थाः**

(१) नदीजन्य पदार्थको सङ्कलन र घाटगद्दी इजाजत दिनु पहिले कार्यालयले नदीजन्य पदार्थहरुको सङ्कलन तथा घाटगद्धी गर्दा अपनाउनु पर्ने विधि र नापजाँच प्रक्रियाका विषयमा सम्बन्धित व्यवसायीसँग सम्झौता गर्नुपर्नेछ । सङ्कलित नदीजन्य पदार्थ घाटगद्दी गर्ने स्थान सम्झौता तोक्नु पर्नेछ । घाटगद्दी तोक्दा वनक्षेत्र र अन्य क्षेत्रको अलग छुटिने गरी तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम घाटगद्दी स्थान छनौट गर्दा उत्खनन सङ्कलन स्थलबाट न्यूनत्तम पाँच सय मिटरको दुरी कायम गर्नु पर्नेछ । वनक्षेत्र, सार्वजनिक जग्गा, सडक किनार र आवतजावमा अवरोध हुने गरी घाटगद्दी गर्न पाइने छैन ।

(३) घाटगद्दी गर्दा घाटगद्दीमा आएको नदीजन्य पदार्थ नासिन हराउन नपाउने व्यवस्था सम्बन्धित व्यवसायीले मिलाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम तोकिएको स्थल बाहेक अन्यत्र भण्डारण वा घाटगद्दी गर्नु गराउनु हुदैन । तोकिएको स्थान बाहेक अन्यत्र भण्डारण या घाटगद्दी गरे गराएमा विक्री मुल्यको दोब्बर रकम असुल गरेर कार्यालयले यस्तो मालबस्तु जफत गरी बिक्री गर्नेछ ।

(५) गाउँपालिकाले नदीजन्य पदार्थ उत्खनन, सङ्कलन र विक्री वितरणको अवस्थाको अनुगमन गर्नेछ ।

**८. सूचना प्रकाशन गर्नेः**

(१) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनबाट स्वीकृत प्राप्त खोला, नदी, खहरे, खोल्सी र नदीउकास क्षेत्रबाट वार्षिक उपलब्ध हुने नदीजन्य पदार्थको प्रकृति र परिमाण निश्चित गरी अनुमानित आय तयार गरी स्वीकृत गर्नु पर्नेछ ।

(२) सो परिमाणको नदीजन्य पदार्थ उत्खनन तथा सङ्कलनको लागि ३० दिनको म्याद दिई दरभाउ पत्र वा वोलपत्र सम्बन्धी सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ । यस्तो सूचना कार्यालयको सूचना पाटीमा टाँस गरी वेभसाइटमा राख्नु

पर्नेछ । अलग अलग स्थानमा घाटगद्दी गर्नु पर्ने अवस्थामा अलग अलग प्याकेज बनाई दरभाउपत्र/बोलपत्र माग गर्नु पर्नेछ ।

(३) यसरी सूचना प्रकाशन गर्दा दरभाउपत्र/वोलपत्र खरिद र दाखिला गर्न पाउने निकाय वा स्थान, खरिद र दाखिला गर्न पाउने अन्तिम मिति, पेश गर्नु पर्ने कागजात र धरौटी सम्बन्धमा उल्लेख गर्नु पर्नेछ ।

(४) दरभाउपत्र/बोलपत्र पेश गर्दा आफूले कबोल गरेको दररेट रकमले प्रस्तावित परिमाणलाई गुणान गर्दा हुन आउने कुल कबोल रकमको पाँच प्रतिशत धरौटी बुझाएको प्रमाण संलग्न गर्नु पर्नेछ ।

(५) अन्तिम मितिसम्म दाखिला भएका दरभाउपत्र/बोलपत्रहरु सकेसम्म सोही दिन कार्यालयका प्रतिनिधि दरभाउपत्रदाता/बोलपत्रदाता प्रतिनिधिको रोहवरमा खाली, भएको व्यहोरा खुलाई मुचुल्का उठाई सो मुचुल्कामा प्रतिनिधिहरु समेतको दस्तखत गराई राख्नु पर्नेछ । दरभाउपत्रदाता/बोलपत्रदाताकव अनुपस्थितिले तोकिएका उल्लिखित कार्य गर्न बाधा पर्ने छैन ।

(६) पहिलो पटक प्रकाशित सूचना बमोजिम कुनै पनि दरभाउपत्र/बोलपत्र नपरेमा वा दरभाउपत्र/बोलपत्र अस्वीकृत भएमा पूर्व प्रकाशित सूचना अनुसार कम्तिमा आधा अवधिको म्याद दिई पुनः सूचना प्रकाशन गर्नु पर्नेछ । दोश्रो र तेश्रो पटकको सूचनामा पनि दरभाउपत्र/बोलपत्र दाखिला नभएमा स्वीकृत दररेटमा नघट्ने गरी सङ्कलन, घाटगद्दी र बिक्रीको कार्य अमानतबाट गराउन सकिनेछ । तर अघिल्लो वर्ष ठेक्का भएको भए अघिल्लो वर्षको दररेटमा नघटने गरी कुनै व्यवसायीसँग सम्झौता गरी कार्यदिश दिन सकिनेछ ।

**९. बोलपत्र मूल्याङकनः** इन्द्रसरोवर गाउँपालिकाद्वारा मूल्याङ्कन समितिबाट दरभापत्र/बोलपत्र मूल्याङ्कन गरी प्रतिवेदन पेश गरिनेछ । यसरी मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा प्राप्त दरभाउपत्र/बोलपत्र मध्ये कानून बमोजिम रित पुगेका, सूचना अनुसारका सबै कागजात तथा बोलपत्र मूल्याङ्कन समितिले सात दिन भित्र कार्यालयमा प्रतिवेदन पेश पर्नु पर्नेछ र कार्यालयले प्रतिवेदन प्राप्त भएको मितिले ७ दिन भित्र निर्णय गर्नु पर्नेछ ।

**१०. सम्झौता, कार्यदिशः**

(१) दरभाउपत्र/वोलपत्र स्वीकृत भए पश्चात कबोल रकम र सोमा लाग्ने कर दाखिला गरी कार्य सम्झौताको लागि सम्पर्क राख्न स्वीकृत दरभाउपत्र दाता/बोलपत्रदातालाई ७ दिनको म्याद सहितको आसयको सूचना दिनु पर्नेछ । यसरी जारी भएको आएको सूचना म्याद भित्र कुनै दावी विरोध नआएमा १५ दिनको म्याद दिई सूचना बमोजिमको आफनो प्रक्रिया पुरा गरी सम्झौताका लागि आव्हान गर्नु पर्नेछ । सम्झौता नभएसम्म तेस्रो कबोलदातालाई रकम सहित सम्झौताको लागि आव्हान गर्नु पर्नेछ । सम्झौता नभएसम्म तेस्रो कबोलदाता सम्मको धरौटी कायम राख्नु पर्नेछ ।

(२) उपदफा(१) बमोजिमको रकम एकमुष्ठ बुझाउन नसकिने भनि कुनै व्यवसायीले

निवेदन गर्न आएमा कवोल रकमलाई चौमासिक किस्तामा किस्ताबन्दी भुक्तानी हुनेगरी सम्झौतामा उल्लेख गर्नु पर्ने छ । एकमुष्ठ अग्रिम भुक्तानी गर्न आएमा कुल कबोल अंकको औचित्यता हेरी ५ देखी १० प्रतिशत सम्म कार्यपालिकाबाट निर्णय गराई छुट दिन सकिनेछ । व्यवसायीबाट किस्तावन्दी भुक्तानी गर्दा सम्झौता अवधिभरको कम्तीमा २ महिना बढी म्याद भएको ठेक्का अवधि भरको नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त "क" वर्गको वाणिज्य बैंकको जमानत लिई किस्ताको कबोल रकम दाखिला गर्नु पर्ने अवधि तोकी सम्झौता गर्न सक्नेछ । तोकिएको अवधि भित्र किस्ताको रकम दाखिला नभए जमानतबाट असुल उपर गर्नु पर्नेछ ।

(३) वनक्षेत्र बाहेकका सार्वजनिक क्षेत्रबाट सङ्कलन गरिने नदीजन्य पदार्थका हकमा इन्द्रसरोवर गाउँपालिकाले सङ्कलन गरिने खोला, नदी, खहरे, खोल्सी र नदी उकास क्षेत्रको स्थान, उत्खनन सङ्कलन हुने परिमाण, अवधि, उत्खनन, सङ्कलनको प्रविधि, ढुवानीको प्रक्रिया र घाटगद्दी स्थान लगायत अन्य आवश्यक कुरा तोकी सम्झौता गरी सम्बन्धित व्यवसायीका नाममा कार्यादेश दिनु पर्नेछ ।

(४) संकलन गरिएको नदीजन्य पदार्थ घाटगद्धी गर्ने स्थलको व्यवस्था व्यवसायी आफैले गर्नु पर्नेछ ।

(५) नदीजन्य पदार्थ उत्खनन् सङ्कलन तथा घाटगद्धी गर्ने कार्य आषाढ देखी भाद्र महिनाको मसान्तसम्म गर्न पाइने छैन ।

(६) नदीजन्य पदार्थ उत्दनन तथा सङ्कलन कार्य सूर्योदय देखि सूर्यास्तसम्मको समयमा मात्र गर्नु पर्नेछ ।

(७) यस कार्यविधिमा अन्यत्र जुन सुकै कुरा लेखिएको भएतापनि बाढी, पहिरो तथा डुबानका कारण थुप्रिएको नदीजन्य पदार्थ तत्काल हटाउनु पर्ने भएमा इन्द्रसरोवर गाउँपालिकाले स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिसमा जिल्ला विपद् व्यवस्थापन समितिको स्वीकृतिमा तोकिएका मेसिनरी औजार प्रयोग गरी तत्काल हटाउन सक्नेछ ।

(८) नदीजन्य पदार्थ सङ्कलन गर्ने क्रममा सङ्कलन गर्न इजाजत पाएको नदीजन्य पदार्थ बाहेक कुनै बहुमुल्य पुरातात्विक ऐतिहासिक बस्तु फेला परेमा तत्काल इन्द्रसरोवर गाउँपालिकालाई बुझाउनु पर्नेछ ।

(९) नदिजन्य पदार्थको लागि कानून बमोजिम सम्झौता गर्ने फर्म वा कम्पनीको सम्झौता पत्र अनुसूची ३ बमोजिम हुनेछ ।

## परिच्छेद ४

## नदीजन्य पदार्थ र दहत्तर वहत्तर बिक्री

**११. नदीजन्य पदार्थको सदुपयोगः**

(१) सम्झौता अनुसार घाटगद्दिको कार्य सम्पन्न भएपछि व्यवसायीले अन्तिम जाँचको लागि कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) अन्तिम जाँच सम्पन्न भएपछि व्यवसायीले कार्यालयबाट बिक्री स्वीकृति लिई सम्झौता बमोजिमको दररेटमा नबढाई घाटगद्दीबाट नदीजन्य पदार्थ विक्री गर्न पाउने छ । तर सम्झौता भएको आ.व. भित्र घाटगद्दीमा रहेका नदीजन्य पदार्थ बिक्रि, वितरण तथा निकासी नगरी स्टक बसेमा बाँकी रहेको स्टक स्वत गाउँपालिकाको हुनेछ ।

(३) तोकिएको क्षेत्र भन्दा अन्यत्रबाट नदीजन्य पदार्थ सङ्कलन उत्खनन गर्न पाइने छैन ।

(४) यस कार्यविधिमा अन्यत्र जुन सुकै व्यहोरा लेखिएको भएतापनि राष्ट्रिय गौरवका प्राथमिकता प्राप्त तथा प्रदेश सरकारले तोकेका प्रादेशिक गौरवका आयोजनाहरुका लागि आवश्यक पर्ने नदीजन्य पदार्थ सम्बन्धित आयोजनाको अनुरोधमा गाउँपालिकाले आयोजनालाई सङ्कलन अनुमति दिन सक्नेछ ।

(५) स्थानीय विकासका आयोजना जनसहभागिता जुटाई सम्पन्न गर्ने आयोजनाहरुमा आवश्यकताको आधारमा तोकिएको स्थानबाट परिणाममा प्रचलित कानून बमोजिम गाउँपालिकाले उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद ५

**१२. ढुवानी तथा ओसारपसार सम्बन्धी व्यवस्थाः**

(१) नदीजन्य पदार्थको ओसारपसार गर्दा देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) पानीले भिजेको र पानी चुहिने सामग्री बोकेको ढुवानीका साधन पक्की सडकमा गुडाउन पाइने छैन ।

(ख) ढुवानीका साधनले बहन गर्न पाउने तौल भन्दा बढी तौल लोड गरिएका ढुवानीका साधन सडकमा गुडाउन पाइने छैन ।

(ग) नदीजन्य पदार्थ ढुवानी गर्ने साधनलाई माथिबाट बाक्लो त्रिपालले ढाकी ढुवानी गर्नु पर्नेछ ।

(घ) सडक विभाग र सम्बन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा नदीजन्य पदार्थ लगायत कुनै पनि सामग्री सङ्कलन गर्न वा सञ्चय गरी राख्न पाइने छैन । नदीजन्य पदार्थ बोकेको सवारी साधन उक्त क्षेत्रमा पार्किङ गर्न पाइने छैन ।

(ङ) शहर वा बजार क्षेत्रमा नदीजन्य पदार्थ बोकेको सवारी साधन विहान आठ बजे देखि बेलुका ६ बजेसम्म चलाउन पाइने छैन ।

(च) ढुवानी गर्दा अस्पताल, विद्यालय, अन्य शैक्षिक संस्था भएको क्षेत्र तथा बस्तीहरुमा द्रुत गतिमा ढुवानी साधन चलाउन, हर्न बजाउन र फोहोर गर्न पाइने छैन ।

(२) यस दफामा अन्यत्र जनुसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाकाले भण्डारण वा घाटगद्दी क्षेत्र र आवश्यकता अनुसार अन्य क्षेत्रमा भार मापन मेशिन राखी कार्यान्वयन गर्न सक्नेछ ।

**१३. निषेधित कार्यहरुः**

(१) यस कार्यविधि बमोजिम देहायका कार्यहरु निषेध गरिएको छ ।

(क) प्रचलित कानून बमोजिम स्वीकृती लिएर बाहेक अवधै रुपमा नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्न वा उद्योग सञ्चालन गर्न ।

(ख) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङकन विपरीत हुनेगरी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालन गर्न ।

(ग) नदीजन्य पदार्थको उत्खनन, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योगका लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङकन शर्त उल्ङघन गर्न ।

(घ) नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालनका लागि तोकिएको मापदण्ड विपरित कार्य गर्न ।

(ङ) उद्योग दर्ता हुँदा स्थापना भएको ठाउँ बाहेक अन्यत्र उद्योग सञ्चालन गर्न ।

(च) स्वीकृत उद्देश्य विपरित काम गर्न ।

(छ) तोकिएको परिमाण भन्दा बढी उत्खनन सङ्कलन र प्रशोधन गर्न ।

(ज) अनुमति नलिई वा अनुमति बर्खिलाफ उद्योग सञ्चालन गर्न ।

(झ) पुरातात्विक, धार्मिक महत्वका र बहुमूल्य ढुङ्गा पत्थरको उत्खनन सङ्कलन तथा विक्री वितरण गर्न र हानी नोक्सानी हुने अन्य कुनै कार्य गर्न ।

(ञ) गाउँपालिकाले पहिलो पटक गरेको ठेक्का सम्झौतामा संलग्न पक्षले नदीजन्य पदार्थको उत्खनन, बिक्री वितरण, घाटगद्दी, ढुवानी तथा निकासीका लागि सम्झौता भएको आ.व. भित्र कुनै पनि दोस्रो पक्षसँग सो सम्बन्धि कार्यका लागि सम्झौता गर्न पाइने छैन । यदी सो विपरित कार्य गरे वा गराएमा

पहिलो पक्षसँग गरिएको ठेक्का सम्झौता रद्द गरी पुन: अर्को ठेक्का खुलाइनेछ ।

**१४. कारवाही सम्बन्धी व्यवस्थाः**

(१)नदीजन्य पदार्थको उत्खनन, सङ्कलन, भण्डारण र प्रशोधन गर्ने व्यक्ति वा फर्म वा त्यस्ता उद्योगहरुले खोलाहरुमा नदीको बहाव परिवर्तन गर्ने, पानी धमिल्याउने, जलभित्र रहने जीवहरुको बासस्थान खलबल्याउने र पानी भित्र गएर कुनै पनि सामाग्रीहरु उत्खनन र सङ्कलन गर्न पाइने छैन । त्यस्ता उद्योगहरुले वर्षायाम भित्र संघीय र प्रदेश सरकारले तोकेका महिनाहरु वा प्रारम्भिक वातावरणीय प्रतिवेदनबाट निषेधित गरिएका महिनाहरुमा र क्षेत्रहरुमा प्रवेश गरी उत्खनन र सङ्कलन एंव निषेधित कार्य गर्न पाइने छैन । निषेधित समय र क्षेत्रमा सवारी साधन प्रवेश गरेमा वा ढुवानी गरेमा प्रथम पटक ट्र्याक्टरलाई रु १०,०००। ट्रिप्परलाई रु. २५०००। उत्खनन मेशिन सानो (जे सि वी) लाई रु. १५०००। र उत्खनन मेशिन ठुलो (एक्साभेटर) लाई रु. २५०००।- जरिवाना हुनेछ । सवारी साधनमा नदीजन्य पदार्थ भएमा त्यस्ता नदीजन्य पदार्थ समेत जफत हुनेछ । जरिवाना गरिएको फर्म, निकाय वा व्यक्तिको जरिवाना लगत तयार गरि राख्नु पर्नेछ । अधिकार प्राप्त अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ ।

(२) दोश्रो पटक देखि प्रतिपटक अघिल्लो जरिवानाको अकंमा १० प्रतिशतका दरले थप जरिवाना हुनेछ ।

(३) क्रसर तथा बालुवा उद्योगले नदीजन्य पदार्थ मौज्दात प्रमाणीकरण गरिएको भन्दा बढि परिमाणमा भेटिएमा वा राजस्व छलि गरेको पाइएमा रु १५ प्रति क्यू.फिट का दरले जरिवाना लाग्नेछ ।त्यस्ता मालबस्तु जफत समेत गर्न सकिनेछ ।

**१५.इन्द्रसरोवर गाउँपालिकाको नदीजन्य पदार्थ अनुगमन तथा व्यवस्थापन समितिः**

(१) नदीजन्य पदार्थको उत्खनन, सङ्कलन वा उद्योग स्थापना र सञ्चालन कार्यको प्रस्ताव कार्यान्वयन हुनु पूर्व, कार्यान्वयन गर्दा र कार्यसम्पन्न भैसकेपछि वातावरणमा पर्ने प्रभावको अध्ययन, विश्लेषण गरी सुझाव दिनका लागि एक अनुगमन तथा व्यवस्थापन समिति रहने छ ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) सम्बन्धित वडा अध्यक्ष - सदस्य

(घ) पालिकाको अधिकृत स्तरको प्राविधिक (इन्जिनियर) - सदस्य

(ङ) खानी सम्बन्धी कार्य गर्न तोकिएको अधिकृत - सदस्य सचिव

(२) समितिको सिफारिस बमोजिम गाउँपालिकाले स्वीकृति गर्नेछ।

(३) गाउँपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारीले जग्गाधनीले मञ्जुरी दिएको व्यक्तिसंग सम्झौता गर्नेछ।

(४) सम्झौताको जानकारी जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, ई.प्र.का. लाई समेत दिनुपर्नेछ।

(५) नदीजन्य पदार्थको अनुगमन सम्बन्धमा सम्बन्धित विषयमा अनुगमन गर्न जिल्लाले तोकेको अनुगमन समितिसँग आवश्यकता परेको खण्डमा समन्वय गर्न सक्नेछ ।

## परिच्छेद ७
## विविध

**१६. वातावरणीय पुर्नस्थापनाः**

(१) उत्खनन क्षेत्र वा आसपासका क्षेत्रमा कार्य सम्पन्न भइसकेपछि हरियाली प्रवर्धन, तटबन्ध निर्माण, खोलाको वहाव नियन्त्रण गर्न पक्की बाँध लगायतका भू-तथा जलाधार संरक्षण जस्ता पुर्नस्थापना कार्यहरु गर्न इन्द्रसरोवर गाउँपालिकाले योजना बनाई कार्यान्वयन गर्नेछ ।

(२) नदीजन्य पदार्थको उत्खनन र सङ्कलन कार्यबाट वातावरण, गाउँ बस्ती, कृषि भूमि, वनक्षेत्र र जलाधारमा प्रतिकूल प्रभाव परेको अवस्थामा खोला, नदी र आसपासका क्षेत्रको भू-तथा व्यवस्थापन समितिको सिफारिसमा कार्यालयले सो कार्यमा तत्काल रोक लगाई संरक्षण र पुनः उत्थानका कार्यक्रमहरु सञ्चालन गर्नु
पर्नेछ ।

(३) प्रारम्भिक वातावरणीय परीक्षणमा उल्लेख भए बमोजिम Environment Safeguard Measures र Environmental Management Plan बमोजिम वातावरणीय पुनस्थापना गर्नु पर्नेछ ।

**१७.मान्य हुनेः** यो कार्यविधि लागु हुनु भन्दा पहिला लागू भएको गाउँपालिकाको ढुङ्गा, वालुवा, माटो जस्ता खानीजन्य वस्तुको व्यवस्थापन सम्बन्धी कार्यविधि २०७७ खारेज गरि यो कार्यविधि निर्माण गरिएको छ । तर यो कार्यविधि खारेज हुनु भन्दा अघी भएको काम हाल कायम भएको कार्यविधि सरह नै मान्य हुनेछ ।

**१८. थपघट तथा हेरफेरः** यो कार्यविधि आवश्यकता अनुसार कार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**१९. व्याख्या गर्ने अधिकारः** यस कार्यविधिको व्याख्या गर्ने र त्यसको औचित्य अनुसार गाउँपालिकाको सार्वजनिक हितमा लागू गर्ने अन्तिम अधिकार इन्द्रसरोवर गाउँपालिका गाउँ कार्यपालिकामा निहित रहनेछ ।

**२०. खारेजी र बचाउः** (१) यो कार्यविधि लागू हुनु पहिले नदीजन्य पदार्थको उत्खनन, सङ्कलन, विक्री वितरण तथा नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना सञ्चालन सम्बन्धमा भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ । तर यो कार्यविधि लागु भए पछीको ६ महिना भित्र मापदण्ड नियमित हुनुपर्ने उद्योगले आफूलाई मापदण्ड बमोजिम नियमित गर्नुपर्नेछ । यसरी नियमित नगरेमा स्वतः खारेज भएको मानिनेछ ।

(२) यो कार्यविधिले गरेको व्यवस्था प्रचलित नेपाल कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतःखारेज हुनेछ ।

## अनुसूचि-१

### दफा ३ को उपदफा १ सगँ सम्बन्धित

### नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन अनुमतिका लागि दिनु पर्ने दरखास्तको ढाँचा

**मिति ............./........./......**

**श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**इन्द्रसरोवर गाउँपालिका, कुलेखानी, मकवानपुर ।**

| निवेदकको पासपोर्ट साइजकोफोटो |
|---|

**विषयः अनुमतिपत्र पाउँ भन्ने बारे ।**

महोदय,

देहाय बमोजिमको उद्योग सञ्चालन गर्न इच्छुक भएकोले मेरो/हाम्रो फर्म कम्पनीलाई अनुमतिपत्र प्रदान गरिदिनु हुन आवश्यक कागजात सहित यो निवेदन पत्र पेश गरेको छु/छौं । लेखिएको व्यहोरामा कुनै कुरा झुट्टा ठहरे प्रचलित कानून बमोजिम सँहुला बुझाउँला ।

१. उद्योगको पुरा नामः
२. उद्योगको पुरा ठेगानाः
३. सञ्चालन गर्ने स्थानः

४. उद्देश्य

५. कुल पूँजीः स्थिर पूँजीः- चालु पूँजीः-

६. कारोवार गर्ने बस्तु तथा कामको विवरणः

७. संलग्न कागजातहरुः (फर्म दर्ताको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, नवीकरण गरेको प्रमाण, स्वघोषणा सम्बन्धी कागज )

दस्तखतवालाको नामः
नागरिकता नम्बरः
सम्पर्क नं.
सहीः ..................

**अनुसूचि २**
**दफा ३ को १ सँग सम्बन्धित**
**उद्योग दर्ता, नविकरण, नामसारी, उत्खनन एवम निकासी सम्बन्धि शुल्कको दर**

| सि.नं. | विवरण | शुल्कको दर |
|---|---|---|
| १ | उद्योग दर्ता, नविकरण, नामसारी | प्रत्येक आ.व.को इन्द्रसरोवर गाउँपालिकाको आर्थिक ऐन बमोजिमको शुल्क लाग्नेछ । |
| २ | उत्खनन एवम निकासी सम्बन्धि शुल्कको दर | प्रत्येक आ.व.को संघ र बागमती प्रदेशको आर्थिक ऐन बमोजिमको शुल्क लाग्नेछ । |

## अनुसूचि ३

## (कार्यविधिको दफा १० को उपदफा ९ सँग सम्बन्धित)

## नदीजन्य पदार्थको उत्खनन, सङ्कलन र विक्री वितरण सम्बन्धी इजाजत र सम्झौता — पत्रको नमुना

लिखितम-......... नाती.................को छोरा............. जिल्ला ...................... म उप./न.पा/गाउँपालिका वडा नं. .......... स्थायी घर भई हाल म उप./न.पा/गाउँपालिका वडा नं मा बसोबास गर्दै आएको वर्ष ...... को ............... आगे तपशिल बमोजिमको शर्तमा तपशिल बमोजिमको क्षेत्रमा ............. ठेक्का बन्दोबस्त गर्ने गरी यस .......... प्रकाशित गरिएको मिति......... को ठेक्का नं. ....... ढुङ्गा, गिट्टी र वालुवा उत्दनन, सङ्कलन तथा विक्री वितरणका लागि तपाई समेतले दिनु भएको बोलपत्रको व्यहोरा पेश हुँदा आ.व. ............... रु. .................. (मु.अ.कर बाहेक) मा ठेक्का दिने गरी तपाईसँग ठेक्का संझौता गर्न मिति................ मा यस ............... निर्णय भएको हुँदा उपर्युक्त निर्णय अनुसार तपशिलका शर्त बमोजिमका स्रोतबाट तपशिल बमोजिमका क्षेत्रमा इन्द्रसरोवर गाउँपालिकाको तर्फबाट आय सङ्कलन गर्ने ठेक्काको संझौता गर्न मञ्जुरी भै आउनु भएको हो होइन भनी आज मलाई यस इन्द्रसरोवर गाउँपालिकाबाट सोधनी हुँदा मेरो चित्त बुझ्यो । यसमा तपशिलमा लेखिएको शर्त बमोजिम कामकाज कवुलियत गर्न मञ्जुरी भई उपस्थित भएको छु । तपशिलमा लेखिए बमोजिमको शर्तमा कुनै घटीबढी नपारी कामकाज गरी मिति ................ गते यस कार्यालयलाई ........ प्रतिशत छुट पाउने रकम कटाई सम्पुर्ण किस्ताको रकम एकमुष्ट रु............... (मु.अ.कर बाहेक) बुझाई मिति .......... देखि मिति .......... सम्म आ.व. ............... का लागि ठेक्का चलाउने छु । पछि मैले गरेको संझौता तथा कबुलियत उपर कुनै कुरा उजुर गर्ने छैन, गरे यसै कागजातबाट बदर गरिदिनु भनी मेरो मनोमानी राजीखुशीसँग रकम चलनको कवुलियत लेखी यस कार्यालयमा चढाए ।

तपशिलः

(१) तपशिलमा उल्लेख गरिए बमोजिमका क्षेत्रभित्र र शर्तको अधीनमा रही आ.व. .... का ..... प्रतिशत छुट पाउने रकम कटाई सम्पूर्ण किस्ताको रकम एकमुष्ट रु. ....... (मु.अ.कर बाहेक) बुझाई .... गते देखि ....सम्मका लागि प्रचलित कानुनकव अधीनमा रही .............................. आय सङ्कलन गर्नेछु ।

(२) उक्त आय सङ्कलन गर्नका लागि इन्द्रसरोवर गाउँपालिकाको क्षेत्रभित्र रहेका यसै साथ संलग्न सूचीका मालबस्तुमा सोही सूचीमा तोकिएको दरमा कर, सेवा शुल्क वा दस्तुरको रुपमा आय सङ्कलन गरी ...... लाई अग्रीम एकमुष्ट रकम बुझाएको

छु । यसरी आय सङ्कलन गर्दा करदालाई दिइने भरपाई रसिद यसै ............. प्रमाणित गराई प्रयोग गर्नेछु ।

(३) सो आय सङ्कलन गर्न .......... बाट निर्धारण भएको बस्तुमा तोकिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर सेवा शुल्क वा दस्तुर इत्यादि थप गरि लिने छैन र ठेक्कमा प्रयोग हुने रसिदहरु आफैले छापी यस कार्यालयबाट प्रमाणित गरी प्रयोग गर्नु पर्नेछ । प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय सङ्कलन गर्ने छैन । यदि कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसिद प्रयोग गरेको स्थानीय तहबाट अनुगमन हुँदा पाइएमा नियमानुसार कारवाही र सजाय मलाई मञ्जुर छ ।

मैले यस रकम वापत बुझाउनु पर्ने एकमुष्ठ कवोल रकमको ....... प्रतिशत छुट लिई मिति ............. गते विभिन्न चेकहरुबाट रु. ...................... को चेकहरु थान .......... यसैसाथ संलग्न गरेको छु ।

**नदीजन्य पदार्थहरु उत्खनन, सङ्कलन र विक्री वितरण गर्ने शर्तहरुः-**

१. नदीजन्य पदार्थहरु नदीलाई नै घाटगद्दी स्थल तोकि निर्धारित स्थानबाट मात्र उत्खनन तथा विक्री वितरण गर्नुपर्नेछ ।

२. नदीजन्य पदार्थको उत्खनन सङ्कलन गरी घाटगद्दी क्षेत्रबाट विक्री वितरण गर्ने क्रममा उल्लेखित शर्तहरु पालना भए नभएको सम्बन्धमा ............ ढुङ्गा, गिट्टी, वालुवा अनुगमन समिति तथा स्थानीय तहले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशन पालना गर्ने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ ।

३. ठेक्का कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अङ्कको साथै उत्खननका लागि उल्लेखित परिमाणको आधारमा सेवा शुल्क वापतको दरले हुन आउने रकम समेतको हिसाबले नियमानुसार थप ............... भ्याट रकम दुई किस्तामा ................ प्रतिशतका दरले ................ मसान्त भित्र र ............... महिनाको अन्तिममा यस कार्यालयमा बुझाउनु पर्ने छ ।

४. यस जिल्लाका नदी तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रदेश कानुन, स्थानीय सरकारका सम्बन्ध कानुन, नदीजन्य निर्माण समाग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एंव वातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अङ्ग रहनेछन् ।

५. IEE गरेको क्षेत्रबाट बाहेक अन्य क्षेत्रबाट नदीजन्य पदार्थको उत्खनन, सङ्कलन, बिक्री वितरण कार्य गर्न पाइने छैन ।

६. कर दस्तुर, शुल्क आदि तोकिएको सङ्कलन केन्द्रमा मात्र उठाउनुपर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्न पाइनेछैन ।

७. नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित कानुन बमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयमले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो वापत बुझाएको रकमलाई कवोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाइनेछैन ।

८. शुल्क उठाउने रसिदहरु ठेक्काको शीर्षक अनुसार छुटा छुट्टै रसिद ठेकेदारले आफनो तर्फबाट छपाई यस कार्यालयको छाप लगाई ........... प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ

९. ठेक्का सम्झौता भएपछि कर कार्यालयको कर क्लियरेन्स (फुकुवा पत्र) प्राप्त भएपछि मात्र धरौटी रकम फिर्ता गरिनेछ । सम्मानित अदालत, नेपाल सरकार, इन्द्रसरोवर गाउँपालिकाको निर्देशन तथा आदेशको पालना गर्नु गराउनु ठेकेदारको कर्तव्य हुनेछ । निर्देशन वा आदेशको पालनाको कारणबाट कुनै क्षति हानी नोक्सानी हुन गएमा क्षतिपूर्ति स्वरुप कुनै पनि रकम स्थानीय तह सँग दावी गर्न पाइने छैन ।

१०. ठेक्काको कर असुल गर्नुपर्ने दर रेटको सूची तालिका र शर्तहरु सहितको होडिङ बोर्ड कर सङ्कलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देख्ने गरी राख्नु पर्नेछ ।

११. ठेक्का सम्बन्धमा कुनै विवाद परेमा इन्द्रसरोवर गाउँपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

१२. इन्द्रसरोवर गाउँपालिकाले निर्देशन दिई कुनै व्यक्ति, संस्था, समितिलाई नदीजन्य पदार्थ उपलब्ध गराउँदा शुल्क नलिने भनी पत्र लेखेकोमा ठेकेदारले दस्तुरी लिन पाउने छैन । त्यसरी दस्तुर नलिई छोडेको परिमाण वापतको रकम स्थानीइ तहबाट माग गर्न पाउने छैन ।

१३. तोकिएको म्यादभित्र ठेकेदारले इन्द्रसरोर गाउँपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा स्थानीय तहले ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी किस्ता रकमको ......... प्रतिशतका दरले व्याज समेत ठेकेदारलाई इन्द्रसरोवर गाउँपालिकाले असूल गर्नेछ ।

१४. एउटा स्थानीय तहले कर असुल गरिसकेको निर्माण सामाग्रीमा पुनः अर्को स्थानीय तहबाट कर लगाउन पाइनेछैन ।

१५. प्रचलित ऐन नियम तथा स्थानीय तह र सम्बन्धित सभाबाट ठेक्काको शर्त तथा दररेटमा कुनै सशोधन भएमा व्यवस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ ।

१६. ठेक्काको सङ्कलन केन्द्र निम्न अनुसार स्थानमा राख्नुपर्नेछ । तोकिएको स्थान बाहेक अन्य स्थानमा सङ्कलन केन्द्र राख्नुपर्ने भएमा स्थानीय तहको पूर्व स्वीकृति लिएर मात्र राख्न पाइनेछ ।

सङ्कलन केन्द्र राख्ने स्थान

| सि.नं. | ठेक्काको किसिम | सङ्कलन केन्द्र राख्ने स्थान | कैफियत |
|---|---|---|---|
| | | | |

१७. आ.व. ....... का लागि निम्नानुसारको नदीजन्य सामाग्रीमा प्रति घन फिट विक्री दरमा सेवा शुल्क वापत .......... प्रतिशत र मु.अ.कर वापत ........... प्रतिशत थप गरी निम्नअनुसार विक्री तथा निकासी कर सङ्कलन गर्न पाइनेछ । साथै तोकिएको अवधिभन्दा पहिले तोकिएको परिमाण उत्दनन् भएको खण्डमा थप परिमाण उत्खनन वा निकासी गर्न रोक लगाइने छ । परिमाणपछि थपघट भएमा वा सो सम्बन्धी अन्य कुनै व्यवस्था भएमा सोही अनुसार हुनेछ । साथै तोकिएको समयभित्र निर्धारित परिमाण ठेकेदारले निकाल्न नसकेमा अर्को आर्थिक वर्षमा म्याद थप हुनछैन ।

| नदीजन्य पदार्थ | रोयल्टी | बक्री कर | वातावरणीय शुल्क | जम्मा | ठेकेदारले लिन पाउने सेवा शुल्क | मु.अ.कर रकम(....... %) | कुल रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

उत्खननयोग्य नदीजन्य पदार्थ र जि.स.स. लाई बुझाउनु पर्ने रोयल्टी, बिक्री कर तथा वातावरणीय शुल्क (प्रति घन फिटमा)

१८. माथिको तालिकामा उल्लेखित प्रति घन फिट रोयल्टी दरमा सेवा शुल्क वापत ......... प्रतिशत थपरकम ठेकेदारले सङ्कलन गर्ने गरी निर्धारण गरिएको छ ।

१९. ठेकेदारले खोलाबाट नदीजन्य सामाग्रीहरु उत्खनन र सङ्कलन बिहान .......... बजेदेखि बेलुका ............. बजेसम्म मात्र गर्न सक्नेछ र यसरी गरिने सम्पूर्ण उत्खनन परिमाणहरु सम्बन्धित चेकपोष्टबाट जाँचपास गराई लैजानु पर्नेछ । खोलाबाट नदीजन्य सामग्री सङ्कलन वा निकासी गर्दा प्रयोग गरिने साधनहरु जथाभावी प्रयोग नगरी प्रवेश मार्गबाटै ढुवानी गर्नु पर्नेछ ।

२०. नदीजन्य समाग्रीहरु उत्खनन र सङ्कलन तथा विक्री गर्दा राष्ट्रिय गौरवका साथै प्राथमिकता प्राप्त आयोजनाहरुलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

२१. नदीबाट उत्खनन गरेको परिमाणको लगत प्रत्येक महिनाको ........... गते अनिवार्य रुपले प्रमाणित गरी इन्द्रसरोवर गाउँपालिकामा बुझाउनु पर्नेछ ।

२२. नदीबाट नदीजन्य पदार्थहरु उत्खनन गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै पनि कार्य गर्न पाइने छैन अन्यथा नियमानुसार कारवाही हुनेछ ।

२३. ठेकेदारले यसमा भएका सम्पूर्ण शर्तहरु पुर्णरुपले पालना गर्नु पर्नेछ र सोको अनुगमन इन्द्रसरोवर गाउँपालिकाबाट हुनेछ । यस्तो अनुगमनबाट शर्त उल्लंघन भएको पाइएमा कार्यालयले ठेक्का तोड्न सक्नेछ र सोबाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिन बाध्य हुनेछैन ।

२४. खोलाबाट निर्माण सामग्रीहरु उत्खनन र सङ्कलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा, गट्टी, बालुवा आदि सङ्कलन तथा ढुवानी गर्नुपर्नेछ ।

२५. नदीजन्य सामग्रीहरु उन्खनन गर्न खोलासम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्नेछ । सो वापत लागेको खर्च इन्द्रसरोवर गाउँपालिकामा दावी गर्न पाइनेछैन ।

२६. खोलाबाट नदीजन्य सामग्रीहरु उत्खनन गर्दा नजिक रहेको सडक, वन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा, कुलो,बाधँ, पानीको मुहानमा क्षति नहुने गरी उत्खनन् गर्नुपर्नेछ ।

२७. नदीजन्य पदार्थ संकलन तथा क्रसर उद्योगले प्रचलित कानून बमोजिमको दुरी पालना गर्नुपर्नेछ ।

२८. मुख्य मार्गबाट वोल्डर, ग्राभेल बालुवा उत्खनन गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालय सँग सम्पर्क र समन्वय राखी ठेकेदारले बाटो निर्माण गर्नु पर्नेछ ।

२९. इन्द्रसरोवर गाउँपालिकाबाट निर्धारण भएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर लिन पाइनेछैन । यदि कुनै यस्तो अनधिकृत रकम असूल गरेको वा अनधिकृत रसिद प्रयोग गरेको तथ्य कार्यालयबाट अनुगमन हुँदा वा अन्य कतैबाट भएको उजुरीउपर छानविन गर्दा देखिएमा नियमानुसार कारवाही र सजाय हुनेछ ।

३०. यस सूचना बमोजिम सम्झौता भई ठेक्का चलान पूर्जी जारी गरिएपछि कुनै किमिमको मिनाहा माफी हुनेछैन ।

३१. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि ............ सम्म विहान ....... बजे देखि बेलुका ............ बजे सम्म मात्र उत्खनन एवम् सङ्कलन समय अवधि हुनेछ ।

३२. ठेकेदारले नियमानुसारको मुल्य अभिवृद्धि कर रकम उठाउन पाउनेछ ।

३३. ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन/सङ्कलन गर्दा एक्साभेटर, डोजर जस्ता भारी उपकरणहरुको प्रयोग गर्न पाइनेछैन तर विशेष परिस्थितिको सन्दर्भमा वातावरणीय प्रतिवेदनको प्रावधानमा उल्लेख भएका स्थानमा नदीजन्य पदार्थ जिल्ला अनुगमन तथा समन्वय समितिको निर्णय बमोजिम हुनेछ ।

३४. चालु आर्थिक वर्षको तोकिएको अवधिभित्र उत्खनन गरेका निर्माण सामाग्रीहरु ........... सम्म विक्री वितरण गर्दा पनि मौज्दात बाँकी रहने अवस्था रहेमा अवधि समाप्त हुनुभन्दा ......... अगावै कार्यविधिमा उल्लेखित प्राविधिक समितिबाट यकीन गराई सबै स्थानहरुमा रहेको मौज्दात प्रमाणित गराउनु पर्नेछ । तर नदी वा नदी किनारामा रहेको सामाग्रीलाई मौज्दात मानिनेछैन ।

३५. उत्खनन पश्चात काम नलाग्ने भनी छोडिएको निर्माण सामाग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगी पूर्व अवस्थामा छोड्नु पर्नेछ । नदीको धार बदलिने गरी उत्खनन गर्न पाइनेछैन ।

३६. निर्माण सामाग्री उत्खनन गर्ने कार्यमा संलग्न हुने कर्मचारी र कामदाहरुले प्रयोग गर्ने सुरक्षा सामाग्री तथा औजारहरु ठेकेदार स्वयमले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कता साथ उत्खनन तथा विक्री प्रबन्ध मिलाउनु पर्नेछ ।

३७. ठेकेदारका कर्मचारी तथा कामदारहरुको कारण वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी कार्य गर्ने व्यवस्था ठेकेदारले नै मिलाउनु पर्नेछ । साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाका लागि विमा गर्ने गराउने दायित्व ठेकेदार स्वयमको हुनेछ ।

३८. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छली माल वा बस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो माल वा बस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भए पनि सम्बन्धित ठेकेदारले उठाउन सक्नेछ ।

३९. कुनै स्थानमा थुप्रिएको नदीजन्य पदार्थ नहटाइएमा प्राकृतिक प्रकोप आउन सक्ने भनी जिल्ला दैवी प्रकोप उद्धार समितिबाट निर्णय भई नदीजन्य पदार्थ अनुगमन तथा समन्वय समितिले अनुमोदन गरेमा ठेक्का समाप्त भएको मिति पश्चात निश्चित समयका लागि उत्खनन तथा विक्री वितरण कार्य जारी राख्नु पर्ने विशेष परिस्थिति सिर्जना भएमा निश्चित परिमाण तथा समय र स्थान तोकी चालु ठेक्का अङ्कको दामासाहीले हुन आउने दस्तुर लिई उत्खनन एवंम सङ्कलन कार्यको बन्दोबस्त गर्न सकिनेछ ।

४०. कार्यालयको तर्फबाट स्वीकृत परिमाण, उत्खनन योग्य स्थान र संझोताका सर्तहरुको प्रभावकारी नियन्त्रण गर्नका निमित्त अनुगमन, निरीक्षण, भौतिक नियन्त्रण तथा स्थलगत परीक्षण लगायतका प्रकृयाहरु अवलम्बन गर्न सकिनेछ । उक्त कार्यमा सहयोग गर्ने दायित्व ठेकेदारको हुनेछ ।

४१. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन तथा विक्री वितरण गर्नुपर्नेछ ।

४२. नदीजन्य पदार्थ उत्खनन तथा विक्री वितरण गर्ने क्रममा ठेक्कामा उलेलेख भए बमोजिमको क्षेत्रभित्र सीमित रही उत्खनन गर्नुपर्नेछ ।

४३. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रदेश कानुन, स्थानीय सरकारका कानुन, वातावरणीय परीक्षण प्रतिवेदन र नेपाल सरकारका अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

४४. यो अनुसूचीको सम्झौताका समयमा शर्तहरुलाई आवश्यकता हेरी कार्यपालिकाले थपघट गर्न सक्नेछ ।

**आज्ञाले**

**प्रलाद कार्की**

**प्रमुख प्रशासकीय अधिकृत**

इन्द्रसरोवर गाउँपालिका मकवानपुरको

नदीजन्य पदार्थ (ढुङ्गा, बालुवा,माटो) जस्ता

खानीजन्य बस्तुको व्यवस्थापन कार्यविधि,
२०७९
मुल्य रु. २०